प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय

# सहकारी प्रशिक्षालय

नेपालगञ्ज, बाँके

पत्र संख्याः-२०७८/०७९ मितिः२०७८/०९/०८
चलानी नं:- ६४

विषय :- तालिममा सहभागी मनोनयन गरी पठाई दिनुहुन ।

श्री जिल्ला सहकारी संघ लि., बाँके, बर्दिया, दाङ, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, प्यूठान, गुल्मी, रुपन्देही, नवलपरासी पश्चिम, रोल्पा, पूर्वीरुकुम
लुम्बिनी, प्रदेश ।

सहकारी प्रशिक्षालय, बाँकेबाट मिति **२०७८/०९/१२ देखि** २०७८/०९/१४ गते सम्म सन्चालन हुने ३ दिने **COPOMIS** तालिममा त्यहाँका सवै विषयगत संघहरुसंग समन्वय गरी प्रदेश स्तरिय कार्यक्षेत्र भएका सहकारी संस्थाहरु मध्येबाट तपसिलमा उल्लेखित बुँदाहरु अनुरुप हुने गरी फरक फरक सहकारी संस्थाबाट दुई (२) जना सहभागी छनौट गरी पठाइदिनुहुन अनुरोध छ । तालिममा सहभागी हुने प्रशिक्षार्थीहरु मिति २०७८/०९/११ गते साँझसम्म सहकारी प्रशिक्षालय, बाँकेमा उपस्थित हुनुपर्नेछ ।

## सहभागी छनौट र सुविधा सम्वन्धी व्यवस्था

१. सहभागीहरुलाई प्रदेश सरकार, लुम्बिनी प्रदेशको दररेट अनुसार आतेजाते बसभाडा र तालीम अवधिमा दैनिक भत्ता र दिउँसोको चिया तथा खाजा उपलब्ध गराइनेछ । साथै तालिम अवधिभर सहभागीको लागि आवासको व्यवस्था गरिएको छ ।
२. भ्रमण भत्ता उपलब्ध गराउँदा सम्वन्धित जिल्लाको सदरमुकामदेखि तालिम संचालन हुने स्थानसम्मको मात्र भ्रमण भत्ता प्रदान गरिनेछ । दैनिक भ्रमण भत्ताका अतिरिक्त अन्य कुनै किसिमको होटल बास खर्च उपलब्ध हुनेछैन ।
३. सहभागी छनौट गर्दा ***समावेशीकरणको*** आधारमा र सकृय रुपमा कारोवार सञ्चालन गरिरहेका, सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालनातर्फ सचेत संघ/संस्था मध्येबाट **यस अघि COPOMIS तालिम नलिएका व्यवस्थापक/कर्मचारीलाई मात्र छनौट गर्नुपर्नेछ ।**
४. सम्वन्धित जिल्ला सहकारी संघबाट नाम र पद खुलेको पत्र लिई आउने सहभागीलाई मात्र तालिममा समावेश गराउन सकिनेछ ।
५. कुनै कारणवश सहभागी पठाउन नसक्ने अवस्था भएमा सोको जानकारी तालिम शुरु हुने मिति भन्दा कम्तिमा दुई दिन अगाडि यस कार्यालयलाई दिनुपर्नेछ ।
६. छनौट भई आउने सहभागीले साथमा बच्चा लिई आउने परिस्थिति भएमा हेरालुको व्यवस्था स्वम् गर्नुपर्नेछ । हेरालुलाई यस कार्यालयबाट कुनै प्रकारको थप सुविधा वा आर्थिक दायित्वको व्यवस्था नभएको ।
७. तालिम सञ्चालन हुने स्थानः सहकारी प्रशिक्षालय, नेपालञ्ज, बाँकेको तालिम हल ।
**(कारकाँदो पशुपतिनगर एस के पेट्रोल पम्पबाट २०० मिटर पश्चिम)**
समयः विहान ठिक १०:०० बजे सम्पर्क : परागमान चौधरी (९८४८१९८८६९)
८. थप जानकारीको लागि जिवानन्द ढुङ्गाना (९८४९८८२४१४)

(विनोद कुमार पाण्डेय)
नि. प्राचार्य

नोट :
१. १ प्रति पासपोर्ट साइजको फोटो ।
२. Laptop तथा आफ्नो संस्थाको COPOMIS को User ID र Passwor लिइ आउनु पर्नेछ ।
३. www.ctcbanke.gov.np मा login गरी सहभागी छनोटको लागि फारम भर्ने व्यवस्था समेत रहेको छ ।

बोधार्थ
श्री लेखा शाखा, सहकारी प्रशिक्षालय, बाँके ।
श्री योजना शाखा, सहकारी प्रशिक्षालय, बाँके ।